Received Date: April 2022 Revised: May 2022 Accepted: June 2022

# नेपालमा मधेस आन्दोलन
## ( वि.सं. २००७ सालदेखि वि.सं.२०५४ सम्म )

**विजयप्रसाद मिश्र**
सहप्राध्यापक, पाटन संयुक्त क्याम्पस (त्रि.वि.) पाटनढोका ललितपुर
Email : vijayamishra40@gmail.com

**लेखसार**

*वि.सं. २००७ साल अघि मधेसीमूलकै लागि भनेर नेपालमा आन्दोलन भएको पाइदैन । विभिन्न राजनीतिक आन्दोलनमा भने मधेसीमूलका मानिसहरूको उल्लेख सहभागित रहेको थियो । जहाँसम्म वि.सं.२००८ सालमा सिरहाका बेदानन्द झाले गठन गरेको नेपाल तराई कांग्रेसले पहिलो पटक नेपालमा संस्थागत रूपमा मधेसी मुद्दालाई उठाएको हो ।*

*वि.सं. २००९ सालदेखि तराईमा चर्किएको किसान आन्दोलनमा मधेसीहरू सहिद भएका थिए । सप्तरीका रघुनाथ ठाकुरले ई.सं. १९५६ मा मधेशी मुक्तिको आन्दोलन गरेका थिए । मधेसीहरू संलग्न एउटा समुह नेपाली कांग्रेसबाट विद्रोह गरेर ई.सं. १९६१–६२ मा भारत नेपाल सीमामा सक्रिय भएको बेला नेपालमा बसोबास गरिरहेका मैदानी भागका मानिसको माग पुरा गराउन तराई मुक्ति मोर्चाको गठन गरेका थिए । वि.सं. २०४१ सालमा सप्तरीका गजेन्द्रनारायण सिंहले पुनः तराईवाद र हिन्दीको पक्षमा कुरा उठाएका थिए । उनले यसका लागि नेपाल सद्भावना परिषद् नामक एउटा सामाजिक समिति बनाएर मधेसीहरूको पक्षमा गोष्ठी, सभाहरू गर्ने, छलफल गर्ने कार्यक्रमलाई अघि बढाएका थिए । नेपाल सद्भावना परिषद्ले वि.सं. २०४७ बैशाख ३ गते आफूलाई राजनीतिक पार्टीको रूपदिने निर्णय गर्दै पार्टीको नाम नेपाल सद्भावना पार्टी राख्ने निर्णय गरिएको थियो ।*

*उता बाँकेको नेपालगंज भन्दा ३० किलोमिटर पूर्व हुलाकी सडकको एक गाउँमा वि.सं. २०५० साल बैशाख १७ गते मधेसीहरूको हकअधिकार प्राप्तीको लागि मधेस मुक्ति सङ्गठन नामक पार्टी स्थापना गरेका थिए । नेपाल सद्भावना पार्टीबाट टुक्रिएर बनेको नेपाल समाजवादी जनता दल होस या नेपाल सद्भावना पार्टी (आर)ले आ–आफ्नै तरिकाले एक अर्काको विरोध गर्न थालेकाले पछिल्लो पटक मधेसमा मधेसीकै हकअधिकारका लागि भनेर विभिन्न पार्टीहरू खुल्ने र फेरी एकीकृत हुने प्रक्रिया चलिरहेको छ ।*
*बेदानन्द झाले राजा महेन्द्रको कदमलाई समर्थन गरेर मंत्री बन्न सफल भएका थिए भने गजेन्द्रनारायण सिंहले पनि कतिपय अवस्थामा राजाको कदमको समर्थन गरेको पाइन्छ । यी दुबै उदाहरणबाट के भन्न सकिन्छ भने वि.सं. २०५४ सालमा मधेसी जनअधिकार फोरम नेपालको गठन अघि नेपालमा मधेस केन्द्रित समुह, सँगठन र पार्टीहरूले राजतन्त्रको खुलेर विरोध गरेका थिएनन् । साथै मधेस केन्द्रित राजनीतिक दलहरू र उनीहरूको नेताहरूबीच समेत पटक पटक फाटो भइरहने प्रचलनले गर्दा मधेसले मागेको मागहरू समयमै सम्बोधन हुनेगरेको थिएन । गणतन्त्रको पक्षमा वकालत गर्न मधेसी जनधिकार फोरम अग्रसर भएकाले नयाँ परिस्थितिमा मधेसमा संघीयता र गणतन्त्रका लागि वि.सं. २०६३ माघदेखि शसक्त आन्दोलनहरू भए ।*

**शब्द कुञ्जिकाः** आत्मनिर्णय, स्वायत्त शासन, साँस्कृतिक एकरूपता, अकर्मन्यता र सर्वसत्ताबादी ।

## परिचय

विविध जातिहरूको संगमस्थलको रुपमा रहेको नेपालको तराई क्षेत्रमा बसोबास गर्ने मधेसमूलका नागरिकले गरेको आन्दोलनलाई यहाँ मधेस आन्दोलनको रुपमा व्याख्या गरिएको छ । मधेस आन्दोलनलाई ऐतिहासिक रुपमा कालखण्ड मिलाएर व्याख्या विश्लेषण गर्दा नेपालको मूख्य मूख्य घटना भएको समयरेखालाई आधार मानेर यस लेखमा मधेस आन्दोलनलाई चार भागमा विभाजन गरी व्याख्या गर्ने गरिएको छ । सर्वप्रथम नेपालमा प्रजातन्त्र आएको वा राणा शासनको अन्त्य भएको वि.सं.२००७ साललाई मानिने भएकोले राणा शासनको अन्त्य हुनु अघि मधेस आन्दोलनको स्वरुप कस्तो थियो र

के कस्ता घटनाहरू भएका थिए भन्ने विषयमा केन्द्रित रहेर ऐतिहासिक व्याख्या गरिएको छ। दोस्रोमा २००७ सालदेखि २०१७ सालसम्मको मधेस आन्दोलनलाई समेटिएको छ भने तेस्रोमा पञ्चायती व्यवस्थाको अवधिको मधेस आन्दोलनको बारेमा चर्चा गरिएको छ भने चौथोमा २०४७ सालदेखि २०५४ सालमा मधेसी जनअधिकार फोरम गठन भएको बेलासम्मको अवधिलाई यस लेखमा चर्चा गरिएको छ। २०५४ सालपछि २०६३ साल र २०६४ सालमा र त्यसपछि समेत मधेस आन्दोलनका ठूलठूला घटनाहरू भएका छन्। तर यस लेखका शुरुदेखि २०५४ सालसम्मको अवधिलाई मात्र समेटेर ऐतिहासिक दृष्टिकोणले व्याख्या विश्लेष गरीएको छ। पछिल्लो समयमा भएका मधेस आन्दोलन कुन जगमा टेकेर भएको थियो ? भन्ने बुझ्न चाहनेहरूको लागि यो लेख उपयोगी हुन्छ।

**उद्देश्य**

नेपालको विभिन्न राजनीतिक उतार चढावका बीच क्षेत्रीय आन्दोलनका रुपमा भएको मधेस आन्दोलन कुनै न कुनै रुपमा अहिलेसम्म जारी रहेकोले मधेसमूलका मानिसले गरेका आन्दोलनलाई कालखण्डका आधारमा विभाजन गरेर वि.सं. २०५४ सालमा मधेसी जनअधिकार फोरम गठन हुनुभन्दा अघिका मधेस आन्दोलनका विभिन्न स्वरूपहरूलाई उल्लेख गर्नु एक लेखको उद्देश्य रहेको छ।

**अनुसन्धान पद्धति**

यो अध्ययन अनुसन्धानात्मक सन्दर्भका पुस्तक, पत्रपत्रिका, कार्यपत्र, मूखपत्रहरू, लेखहरू, विभिन्न मधेसकेन्द्रित राजनीतिक पार्टी र सामाजिक समितिहरूले जारी गरेको प्रेस विज्ञप्ती, अपिल तथा बैठकका माइन्यूटहरूको आधारमा गरिएको छ। यसमा पुराना मधेस आन्दोलनमा संलग्न व्यक्तिहरूसंग गरिएको कुराकानी र आन्दोलन स्थलहरूको अवलोकन, स्थलगत भ्रमणलाई पनि अनुसन्धानको आधार बनाई ऐतिहासिक विश्लेषण पद्तीका आधारबाट लेख तयार गरिएको छ।

**राणाकालमा मधेस आन्दोलन**

राणा शासनकालमै नेपाली कांग्रेसले प्रजातन्त्र प्राप्तिको लागि संघर्ष गर्न तयार गरेको स्वतन्त्र सेनानीमा मधेसी मूलका धेरै मानिसहरू सरिक थिए। नेपाली कांग्रेसले भैरहवा, बीरगंज, विराटनगरमा गरेको राणाविरोधी आन्दोलनहरूमा मधेसीहरूले नेतृत्वदायी भूमिका निर्वाह गरेका थिए। राणाविरोधी आन्दोलनमा मधेसी मूलका मानिसहरू संलग्न भएपनि उनीहरूले संस्थागत रूपमा मधेसीहरूको हक अधिकारका लागि आन्दोलन गरेको पाइदैन।

भारत स्वतन्त्र भएपछि तराईका मधेसीमूलका मानिसहरूलाई पनि राणा शासनबाट स्वतन्त्र हुने इच्छा थियो। यसका लागि उनी नेपाली कांग्रेस र नेपाल कम्युनिष्ट पार्टीमा लागेर प्रत्यक्ष वा अप्रत्यक्ष सहयोग गरेका थिए। भारतीय नेताहरूलाई भगाएको आरोपमा सप्तरीका २२ आन्दोलनकारीहरूलाई पक्राऊ गरी नेपाल सरकारले काठमाडौं लगेर कारागारमा हाली कारवाही गरेको थियो। काठमाडौं लगिनेहरूमा रामेश्वर सिंह, चतुरानन् सिंह, तारणीप्रसाद सिंह, जयमंगल प्रसाद सिंह, मीन बहादुर सिंह, यमुनाप्रसाद सिंह, रामजी सिंह, विष्णु भक्त, किसन दुसाध, अब्दुल मियाँ, कृष्णबीर कामी र नेवु मण्डल थिए। उनीहरूलाई लगभग अढाई बर्ष जेलमा राखिएको थियो। अब्दुल मियाँ र कृष्णबीर कामीको जेलमै वि.सं. २००१ सालमा मृत्यु भएको थियो ( राउतः २०७०: १७७, १७८ )। अन्यलाई महात्मा गान्धीको आग्रहमा पछि छोडिएको थियो।

मधेसीहरूले आफै स्थानीय रूपमा सँगठित भएर राणाशासनको विरोधमा गतिविधिहरू गरेका उदाहरणहरू पनि पाइन्छ। वि.सं. १९९२ साल बैशाख २३ गते पण्डित रमाकान्त झा (महोत्तरी) को नेतृत्वमा मधेसको २२ जना युवाहरूले जनकपुरको पापमोचनीमा आफ्नो रगतबाट हस्ताक्षर गरी निरङ्कुश राणाशासनको अन्त्य गर्न कसम लिएका थिए। तिनीहरूमा देवशंकर गिरी, श्रीकान्त ठाकुर, बौआलाल झा, अनिरुद्र प्रसाद सिंह, कमलकान्त चौधरी, जमुनाप्रसाद सिंह, बलभद्र चौधरी, रामदुलार साह, रामचन्द्र झा, राजेश्वर नीधि, महन्थ गोकुल गिरी, गंगेश्वर झा, गुलावनारायण झा आदि थिए। ( राउतः २०७०: १७६ )

नेपाली कांग्रेसले वि.सं. २००३ साल चैत २७ र २८ गते जोगवनीमा गरेको कांग्रेस प्रतिनिधिहरूको सम्मेलनले चैत ३१ गतेबाट देशव्यापी आन्दोलन गर्ने घोषणा गरी भएको आन्दोलनमा लुम्बिनीबाट भोलानाथ शर्मा र दयाशंकर मुन्सीलाई बन्दी बनाइएको थियो भने जनकपुरबाट सरयुग चौधरी, आशिस भगत, मिश्रिलाल गुप्ता, लक्ष्मण साह, भीष्मजंग केशरी, दिगम्बर झा, बच्चा झा, निर्गुण यादव, महेन्द्र नारायण नीधि, नकुल बहादुर सिंह, पं. रमाकान्त झा, सुन्दर झा शास्त्री गिरफ्तारीमा परेका थिए। ( राउतः २०७०: १७९ )

राणा शासनको अन्त्य हुनुभन्दा अगाडी नेपाली कांग्रेसले राणाविरोधी आन्दोलन गरिरहँदा वि.सं. २००६ साल माघ १६ गते भद्रकाली मिश्र र रामनारायण मिश्रले लोकसेवा संघको स्थापना गरेका थिए। उनीहरूले यसमार्फत् गाउँ गाउँमा गएर प्रार्थना सभा, सरसफाई, पिडितको लागि सहायता जस्ता कार्यहरू गर्दै आएका थिए। राणा शासको यस्तो सामाजिक काममा पनि राजनीति गरेको देख्यो र दुवैसहित उक्त काम गरेको आरोपमा ज्ञानीशंकर गिरी, महाबीर शर्मा, श्यामसुन्दर शर्मा, आनन्दी झुनझुनबाला, राधाप्रसाद चौधरी, नथुनि साह लगायतका स्थानीय नेताहरू पक्राऊ परेका थिए। ( राउतः२०७०: १८२ ) नेपाली कांग्रेसले आन्दोलनको क्रममा कब्जा गरेको क्षेत्रमध्ये महोत्तरी जनसरकारमा महेन्द्रनारायण निधि मुख्य मन्त्री, निर्गुण यादव पुलिस प्रधान र सरयूग चौधरी जनसम्पर्क अधिकारी रहेकोबाट नेपाली कांग्रेसले सफलता प्राप्त गरेको राणाविरुद्धको आन्दोलनमा तराईका मधेसीहरूको भूमिका अग्रस्थानमा थियो। तर मधेस र मधेसीको अधिकारका लागिभन्दा समग्र प्रजातन्त्रका लागि ती आन्दोलनहरू भएका थिए।

**वि.सं. २००७ सालदेखि वि.सं.२०१७ सालसम्मको मधेस आन्दोलन**

वि.सं. २००८ सालमा सिरहाका बेदानन्द झाले गठन गरेको नेपाल तराई कांग्रेसले पहिलो पटक नेपालमा संस्थागत रूपमा मधेसी मुद्दालाई उठाएको हो। तराई कांग्रेसले तराईलाई स्वतन्त्र राज्यको दर्जा दिनुपर्ने, हिन्दी भाषालाई तराईको राजकीय भाषा बनाउनु पर्ने र तराईबासी सबैको लागि देशको प्रशासनिक तथा अन्य सेवामा समुचित अनुपातमा प्रबेशको अबस्था सुरक्षित गर्ने उद्देश्य राखेको थियो। पार्टी स्थापना भएको दुईबर्ष भित्रमा तराई कांग्रेसले ६० हजार सदस्यहरू बनाइसकेको थियो। वि.सं. २००९/२०१० मा बेदानन्द झाले सल्लाहकार सभामा मधेसीहरूको उचित प्रतिनिधित्व हुनुपर्दछ भन्ने माग गरेका थिए। तराई कांग्रेसको वि.सं. २०१४ साल जेठ १६ गते बसेको पार्टीको तेस्रो बैठकले तराईलाई क्षेत्रीय स्वायत्तता दिलाउन माग गरेको थियो। वि.सं. २०१५ सालको आम निर्वाचनमा नेपाल तराई कांग्रेस पार्टीले २१ सिटमा उम्मेदवारी दिएको थियो। उसको निर्वाचन चिन्ह दाहिने हातमा हँसिया र टाउकोमा गहुँको बोझ बोकि लगौटी लगाइरहेको पुरुष थियो। समग्रमा २.१ प्रतिशत मत ल्याएपनि कोही उम्मेदवारले जित्न सकेनन्।

उता वि.सं. २०१३ साल तिर तराईमा भाषा विवादले आन्दोलनको रूप लिएको थियो। प्रा.डा. सूर्यनाथ गोपले मिथिला टाईम्स पत्रिकामा लेख्नु भएको छ,' नेपालको स्कूल र कलेजमा हिन्दीभाषामा पढाई भैरहेको अवस्थामा डा. के.आई सिंह (कुबर ईन्द्रजीत सिंह) को प्रधानमन्त्रीत्वकालमा हिन्दीभाषामा पढाई हुन रोक लगाईएको थियो।' तत्कालीन श्री ५ को सरकारको हिन्दी भाषाविरोधी नीतिको विरोध गर्न तराई कांग्रेसले हिन्दी रक्षा समिति नामक सङ्गठन बनायो। नेपाल तराई कांग्रेसका नेताहरू बेदानन्द झा, कुलानन्द झा, बलदेब दास यादव लगायतको सक्रियतामा आन्दोलन गरियो। विराटनगर, राजविराज, सिराहा र बीरगन्जमा केही मधेसी नेता र कार्यकर्ता पक्राउ परेका थिए। सूर्यनाथ गोप १३ बर्षको छँदा सोही आन्दोलनमा सहभागी भएकै कारण सिराहामा पक्राउ परेका थिए। उनी लगायत महेन्द्रनारायण निधी, बुन्नीलाल सिंह, माधवप्रसाद यादव र कुसहाका राजेन्द्र झा सिराहा थानाको हिरासतमा राखिएका थिए (गोपः २०५५: ३६)।

त्यसैगरी वि.सं. २००९ सालदेखि तराईमा चर्किएको किसान आन्दोलनमा मधेसीहरू सहिद भएका थिए। किसान आन्दोलनमा सक्रिय रहेकाहरूमध्ये वि.सं. २००९ सालमा रौतहटमा असर्फी साह, २०११ सालमा सिराहाका बहादुर सदा र

बाराको मुँगालाल महतो तथा २०१४ सालमा सप्तरीका अघोरी यादव सरकारी सुरक्षा निकायबाट मारिएका थिए ( राउत ः १८७) ।

हिन्दी भाषाको समर्थनमा मधेशमा आन्दोलन चर्किरहेको बेला वि.सं. २०१५ सालमा राजा महेन्द्रले आम निर्वाचनको घोषणा गरेकोले सबै निर्वाचनको तयारीमा लागेकोले हिन्दीवादी आन्दोलन ओझेलमा परेको थियो। तराई कांग्रेसका कसैले पनि चुनाव जित्न सकेनन्। तर त्यति बेलाको रोचक पक्ष के थियो भने तराई कांग्रेस मात्र होईन नेपाली कांग्रेस र कम्युनिष्ट पार्टीले पनि हिन्दी भाषामा घोषणा पत्र प्रकाशन गरेका थिए। घोषणा पत्रमा नेपाली कांग्रेसले नेपाली भाषालाई राष्ट्र भाषा राखिने उल्लेख गरेपनि हिन्दी भाषाको बारेमा केही बोलेको थिएन। तर कम्युनिष्ट पार्टीको घोषणा पत्रमा हिन्दी भाषालाई द्वितीय राष्ट्र भाषाको रूपमा दिनुपर्छ भनेको थियो। सबै हारेपछि बेदानन्द झाले राजनैतिक जीवनको धार परिवर्तन गरी राजा महेन्द्रसँग मिली मन्त्री पद प्राप्त गरे र मधेसीको आवाज उठाउन छोडिदिए। उनी नै मधेस मूलको सबैभन्दा पहिलो राजदूत पनि थिए।

मधेसको पक्षमा देशभित्र र बाहिर विभिन्न शान्तिपूर्ण आन्दोलन गरिरहेका रघुनाथ ठाकुरले विद्यार्थीको हकहितका लागि छात्रबृत्तिको अधिकार प्राप्तिको लागि वि.सं. २०१० सालमा काठमाडौंमा अनसन बसेको र उक्त अनसनको बेलामा नेपाल सरकार, शिक्षा विभागका शारदा शमशेरले रघुनाथ ठाकुरको नाममा मिति २०१० साल अषाढ १ गते चलानी सख्या १०५० मा पत्र लेखेर सार्वजनिक मागहरू राखेर तपाई अनसन बस्नु भएकोले नेपाल सरकार शिक्षा विभागले निम्न निर्णयहरू गरेको छ भनी उल्लेख गरेको छ।[1] उक्त पत्रमा आगामी बर्षदेखि 'सेकेक्सन बोर्ड' बनाइने जस्ता कुराहरू उल्लेख हुनुले मधेसीहरूले शैक्षिक अवसरहरूको लागि पनि आन्दोलन गरेको देखिन्छ।

**पञ्चायत व्यवस्थामा मधेस आन्दोलन**

तराई कांग्रेसका बेदानन्द झा राजा महेन्द्रले डा. तुलसी गिरीको नेतृत्वमा २ अप्रिल १९६३ ई.सं. मा गठन गरेको मन्त्रिपरिषद्मा सामेल भएपछि यो पार्टीमा दरार आयो र यसका महासचिब रामजनम तिवारीले रक्सौलमा सम्मेलन गरी तराई कांग्रेसलाई नेपाली कांग्रेसमा विलय गराए (यादवः सन् २००३: १०६) । तराई कांग्रेसभित्र रहेका बामपन्थीहरूले नेपालको पश्चिमी तराई क्षेत्रमा वि.सं. २०१८ सालमा तराई मुक्ति मोर्चा गठन गरे । यसले नेपालको तराई भू–भागमा बसोबास गर्ने मधेशीहरूको समस्यालाई उठाउन, स्वायत्त शासन र आत्मनिर्णयको अधिकार प्राप्त गर्न, मधेसीमाथि हुने भेदभाव, उपेक्षा र शोषणको अन्त्य गर्नका लागि तराई मुक्ति मोर्चाले छापामार युद्ध सञ्चालन गर्ने निर्णय लिएको थियो ( यादवः सन् २००३: १०६ )।

धनुषा जिल्ला जटही निबासी दुर्गानन्द झाले वि.सं. २०१८ साल माघ ९ गते पूर्वी मधेसको भ्रमण गर्न आएका राजा महेन्द्र चढेको गाढीमा जनकपुरमा बम प्रहार गरेका थिए। नेपाली सुरक्षा निकायले उनलाई पक्राऊ गरी वि.सं. २०२० साल माघ १५ गते उनलाई सरकारले मृत्यु दण्ड दिएको थियो । सोही घटनामा पक्राऊ परेका योगी साह १० बर्षपछि रिहा भए भने अरविन्दकुमार ठाकुर १६ बर्ष पछि जेलमुक्त भएका थिए। सप्तरीका रघुनाथ ठाकुरले ई.सं. १९५६ मा मधेशी मुक्तिको आन्दोलन गरेका थिए। ठाकुरले नेपालको बृटिश इष्ट इण्डिया कम्पनी र भारत सरकारसँग भएका विभिन्न सन्धीहरूको हवाला दिंदै तराई संयुक्त राष्ट्र संघको विधानको ७३ सेक्सन अन्तर्गत पर्ने भएकोले स्वतन्त्र हुनुपर्दछ भन्ने माग राखेका थिए। यसकालागि उनले 'मधेश जनक्रान्तिकारी दल' खोलेका थिए (ठाकुरः वि.सं. २०५२: २१) । उनले पनि नेपाल सरकारसँग अधिकार खोस्न मधेशीहरूको आफ्नै आर्मी बनाउने योजना बनाएका थिए।

उनले तराईको आफ्नै बैदेशिक नीति हुनुपर्ने, आफ्नै आर्मि, प्रहरी र व्यूरोक्रेट हुनुपर्ने, आफ्नै कानून र घरेलु र बाह्य व्यापारिक नीति मधेशीहरूले नै तोक्न पाउनु पर्ने जस्ता मागहरू राखेका थिए ( ठाकुरः वि.सं. २०५२: २१) । आफ्नो माग पुरा गराउन दिल्लीको संसद भवन अगाडी ठाकुर दिउँसै पेट्रोमेक्स बालेरसमेत हिडेका थिए। शासक बर्गको षडयन्त्रबाट वि.सं.

[1] नेपाल सरकारले रघुनाथ ठाकुरलाई मिति २०१० साल अषाढ १ गते पठाएको पत्रबाट। हेर्नुस् परिशिष्ट नं. १ मा।

२०३८ साल असार कृष्ण पक्ष पञ्चमीको दिन साँझ अर्थात सन् १९८१ जुन २१ तारेखमा उनको हत्या भयो (ठाकुरः वि.सं. २०५२: ञ)।

उता नेपाली कांग्रेसमा रहेका गजेन्द्रनारायण सिंहले विपी कोइरालासँग मधेसको सवालमा मतान्तर भएपछि वि.सं. २०३४ सालमा पूर्वाञ्चल कांग्रेस गठन गरेका थिए। यसका अन्य सदस्यहरूमा भदकाली मिश्र, रामचन्द्र मिश्र, बलराम नायक र भागवत यादव जस्ता संघर्षशील व्यक्तिहरू थिए (झाः स्न २०१०: ३४)। यसमा गजेन्द्रनारायण सिंह, अनिस अन्सारी, कामेश्वर सिंह, रामबृक्ष, तोपाको गंगाधर झा, केदार यादव, राम बल्लभ, चन्द्रशेखरहरू संलग्न थिए .[2] यो सङ्गठनको माध्यमबाट उनीहरू गाउँ गाउँमा गएर मधेसीहरूको समस्याको बारेमा चर्चा गर्ने गर्दथे। उनीहरूको विचारलाई गाउँका मानिसहरूले स्वीकार गर्दै प्रोत्साहन पनि गरेका थिए। गजेन्द्रनारायण सिंहले तत्कालीन राजा बीरेन्द्रले वि.सं. २०३६ सालमा घोषणा गरेको जनमत सँग्रहको स्वागत गर्दै वि.सं. २००७ साल फागुण ७ गते पछिको सबैभन्दा महत्वपूर्ण शाही घोषणा हो भनेर राजाबाट यस्तो प्रजातन्त्रात्मक कदम उठाउनु भएकोमा उहाँलाई हार्दिक धन्यवाद दिन चाहन्छु भन्नु भएको थियो ( झाः सन् २०१०: ३५)। यस सँगसँगै गजेन्द्रनारायण सिंहले भारतबाट विवाह गरेर नेपाल आएकी बुहारीहरूले नागरिकताको लागि पाँच बर्ष कुर्नुपर्ने परम्परालाई हटाउन अनुरोध गरेका थिए।

वि.सं. २०३८ सालमा राष्ट्रिय पञ्चायतको निर्वाचनमा गजेन्द्रनारायण सिंहले भाग लिएका थिए। उनले यस चुनावमा भाग लिनुको मतलव पञ्चायती व्यवस्थालाई स्वीकार गरे बरावर थियो। तर उनका समर्थकहरू मधेसीको आवाजलाई अन्तर्राष्ट्रियकरण गर्नका लागि निर्वाचनमा भाग लिएको भनी उनको बचाव गरिरहेका थिए।

पञ्चायतकालमै मधेसको जनसङ्ख्या बढ्नुको कारण पत्ता लागाउन डा. हर्क गुरुङ्को नेतृत्वमा एउटा आयोग बनेको थियो। उक्त आयोगको प्रतिवेदनमा मधेसमा जनसङ्ख्या बढ्नुको मुख्य कारण भारतीयहरूको आप्रावाशन भन्ने निकाले। यसले मधेसीहरूमा आक्रोश बढ्यो र मधेसीहरू ठाउँ ठाउँमा भेला भएर विरोध प्रदर्शन, जनसभा, गोष्ठीहरू गर्न थाले र गजेन्द्रनारायण सिंहको नेतृत्वमा भएको एक भेलाले गुरुङ् प्रतिवेदनको विरोधमा राजा समक्ष निवेदन दिने निर्णय गरेका थिए। राजालाई दिइएको पत्रमा मधेसीहरू पनि यही देशका नागरिक हुन र राष्ट्रको मूल धारमा समान दृष्टिकोण राख्ने भएकोले गुरुङ प्रतिवेदन लागू भएमा मधेसीहरूको अस्तित्व संकटमा पर्ने भएकोले यसलाई खारिज गर्न अनुरोध गरिएको थियो (झाः ३५) ।

वि.सं. २०४० सालमा गजेन्द्रनारायण सिंह महोत्तरी जिल्लाको पिपरा गाउँमा रामचन्द्र मिश्रको घरमा गएर बैठक गरिरहेको बेला नेपालका सुरक्षाकर्मीहरूले गिरफ्तार गरी २५ दिन सम्म महोत्तरी जेलमा राखेको थियो। उनीसँगै दिलीपकुमार सिंह, देवनारायण झा, तथा रामकृष्ण साह गिरफ्तारीमा परेका थिए ( झाः ३५ ) । वि.सं. २०४१ सालमा सप्तरीका गजेन्द्रनारायण सिंहले पुनः तराईवाद र हिन्दीको पक्षमा कुरा उठाएका थिए। उनले मधेसीको हक अधिकारको लागि आवाज उठाउन एउटा समितिको आवश्यकता महसुस गरी मधेसका बौद्धिक बर्ग र प्रबुद्ध बर्गहरूको भेला डाकी नेपाल सद्भावना परिषद् नामक एउटा सामाजिक समिति बनाएर सोही समितिमार्फत मधेसीहरूको पक्षमा गोष्ठी, सभाहरू गर्ने, छलफल गर्ने कार्यक्रमलाई अघि बढाएका थिए। परिषद्को केन्द्रीय समिति बन्नुभन्दा पहिले पर्सामा रामजनम तिबारीको सक्रियतामा मधेसीहरूको हक हितको लागि एउटा पर्चा निकालिएको थियो। उक्त पर्चा निकालेकै कारण तिवारी गिरफ्तारीमा पर्नु भएको थियो (झाः ४०)। नेपाल सद्भावना परिषद्को मोरङ्, सिराहा र सर्लाहीमा जिल्ला समितिहरू बनेका थिए। उनीहरू सङ्गठन विस्तार गर्ने र मधेसको सवालमा चर्चा परिचर्चा गर्दै जिल्ला दौडाहामा हिड्ने गर्दथे।

वि.सं. २०४२ सालमा बीरगंजमा भेटघाटको क्रममा रहेको बेला होटलबाट प्रहरीले पक्राऊ गरी जिल्ला प्रहरी कार्यालय लगेको थियो। उनी बीरगन्जमा पक्राऊ परेको १५ दिनपछि नै काठमाडौंमा बमकाण्ड भयो। गजेन्द्रनारायण सिंहलाई

2 पूर्वाञ्चल कांग्रेसका संस्थापक सदस्य अनिस अन्सारीसंग उहाँकै निवास राजविराजमा अनुसन्धानकर्ताले मिति २०७२ साउन २ गते गरेको कुराकानीको आधारमा।

बीरगंजमा ३५ दिनसम्म जेलमा राखेपछि काठमाडौंको हनुमानढोकामा लगिएको थियो। हनुमान ढोकामा हुँदै उनको आमाको मृत्यु भएको खबर आएपछि मित्रहरूको पहलमा आमाको क्रिया गर्नका लागि उनलाई रिहा गरिएको थियो (झाः ४३) ।

पञ्चायतकालमा मधेसीहरूको पक्षमा आवाज उठाउने गजेन्द्रनारायण सिंह मात्र थिएनन्। उनीबाहेक धैरै मधेसीहरूले सशस्त्र र निःशस्त्र आन्दोलनहरू गर्ने हुँदा सेना र प्रहरीबाट हत्या भएका उदाहरणहरू छन् । ई.सं. १९६६ मा तराईको नवलपरासीको परासीमा जग्गाको अधिया समाप्त भएकोहरूले विद्रोह गरेको कारण हिंसा भडकिएको थियो। उक्त घटनामा ९ जनाको मृत्यु भएको थियो ( गेजः सन् २०१३: १९४ )। त्यसपछि अनिवार्य बचत केन्द्रको लुटपाट गर्दा कपिलबस्तु र रूपन्देही जिल्लामा ई.सं. १९६९ अप्रिलमा विद्रोह मच्चिएको थियो जसमा कम्तिमा २३ जनाको मृत्यु भएको थियो ( गेजः सन् २०१३: १९५)।

मधेसीहरू संलग्न एउटा समुह नेपाली कांग्रेसबाट विद्रोह गरेर ई.सं. १९६१/६२ मा भारत नेपाल सीमामा सक्रिय भएको बेला नेपालमा बसोबास गरिरहेका मैदानी भागका मानिसको माग पुरा गराउन तराई मुक्ति मोर्चाको गठन गरेका थिए (गेजःसन् २०१३:२०४ )। मोर्चामा लागेका मध्ये रामजी मिश्रको वि.सं. १९६३ मा नेपाल प्रहरीले हत्या गरेको थियो। सोही समयमा नेपाली सेनाले रघुनाथ रायको हत्या गरेको थियो (गेजःसन् २०१३: २०४ )।

ई.सं. १९६७ को अन्त्यतिर तराईमा पर्ने नौतनवामा भएको एक भीडन्तमा स्वघोषित तराई मुक्ति मोर्चाको सभापति सत्यदेवमणी त्रिपाठी मारिएका थिए (गेजःसन् २०१३: २०५)। मधेसीहरूले विशेष गरेर सरकारले भूमि सुधारको नाममा बढी जग्गा अधिग्रहण गरी पहाडबाट बसाईसरेर आउने पहाडी समुदायलाई बाँड्न खोजेको आरोप लगाउँदै तराईका मधेसीहरू आक्रोशित भएका थिए। जग्गा खोसिएको कारणले मधेसीहरूले सरकारसँग आन्दोलन गर्न सशस्त्र संघर्ष पनि गरेको देखिनुले मधेसमा मधेसीहरूले सानातिना समुहहरू बनाएर पञ्चायतकाल भरी आन्दोलनहरू गरेको पाइन्छ। तत्कालीन अवस्थामा संचारमाध्यमको पहुँच नहुनु र प्रजातान्त्रिक सरकार नभएकोले दमन बढी हुँदा मधेसीहरूले गरेका आन्दोलनहरू छिटफुट रूपमा सार्वजनिक भएको देखिन्छ। आफै पनि मधेसीहरूले विभेदको विरुद्ध लडेको पञ्चायत कालमा पनि बताउँदै आएका थिए।

उता नेपाल सद्भावना परिषद्को वैठकले नेपाली कांग्रेस र बाम मोर्चाले संयुक्त रूपमा वि.सं. २०४६ सालमा गरेको आन्दोलनमा भाग लिने निर्णय गरेको थियो। मधेसी नेताहरू जो परिषदमा आवद्ध थिए उनीहरूले पनि गिरफ्तारी दिएका थिए। वि.सं. २०४६ सालको जनआन्दोलनमा गिरफ्तारीमा पर्ने परिषद सम्बन्ध नेताहरूमा सप्तरी जिल्लाका दिलीप कुमार सिंह, कामेश्वर सिंह, हजारी यादव, अनीश अन्सारी, महेन्द्र शाह, बासुदेव यादव, शिवनाथ साहू, जनार्दन मण्डल, ललन प्रसाद सिंह, सत्यनारायण यादव, गंगाधर झा, जनार्दन यादव, र परमानन्द झा थिए। सिराहा जिल्लाबाट केदार नाथ यादव र रामचन्द्र साह थिए। सर्लाही जिल्लामा अनिलकुमार झा, सुनसरी जिल्लामा श्यामलाल मिश्र र पर्सा जिल्लामा रामजन्म तिवारी थिए ( झाः सन् २०१०: ५८ )।

राजतन्त्रको विरोधीका रूपमा चिनिएका गणतन्त्रवादी नेता रामराजाप्रसाद सिंहले वि.सं. २०३७ सालको जनमत सँग्रहमा बहुदलिय जनवादी मोर्चाको नामबाट बहुदलको पक्षमा भाग लिएका थिए भने जनमत सँग्रह पछि सशस्त्र संघर्ष गर्ने योजना बनाउन थाले र भारतको दुर्गम पहाडी भेगमा युवाहरूलाई छापामार सैन्य दललाई तालिम दिइ जनवादी मोर्चाको नेतृत्वमा वि.सं. २०४२ सालमा राजदरवार, सिंहदरवार लगायतका स्थानमा बम विस्फोट गराएका थिए (झाः सन् २०१०: १३७ , १३८ )। रामाराजाप्रसाद सिंहले मधेसीको पक्षमा मात्र नभएर मधेसी र जनजाति सबैको पक्षमा आबाज उठाउने गरेकाले उनको पार्टीलाई मधेस केन्द्रित मात्र भन्न मिल्दैन।

**वि.सं. २०४७ सालदेखि वि.सं. २०५४ सालसम्मको मधेस आन्दोलन**

वि.सं. २०४६ साल चैत २६ गते तत्कालीन राजा बीरेन्द्रबाट नेपालमा बहुदलीय व्यवस्थाको पुनस्थापना गरेपछि नेपाल सद्भावना परिषद्ले वि.सं. २०४७ बैशाख ३ गते सद्भावना परिषद्को काठमाडौंमा बैठक बसेर परिषद्लाई राजनीतिक

पार्टीको रूपदिने निर्णय गर्दै पार्टीको नाम नेपाल सद्भावना पार्टी राख्ने निर्णय गरिएको थियो । साथै सोही बैठकले पार्टीको महाधिवेशन वि.सं. २०४७ साल असार १५ र १६ गते जनकपुरमा हुने निर्णय समेत गरेको थियो (झाः सन् २०१०: ५८) ।

तोकिएको समयमा नेपाल सद्भावना पार्टीको महाधिवेशन जनकपुरमा भयो र उनीहरूको राष्ट्रिय अध्यक्षमा गजेन्द्रनारायण सिंह र सर्वमान्य नेतामा रामजन्म तिवारीलाई सर्वसम्मतिबाट राखियो । महाधिवेशले मधेसको पक्षमा संघर्ष गर्नका लागि पाँच सूत्रीय मागहरू तय गरेको थियो । ती मागहरू निम्न अनुसार थिए ।

१) नागरिकताको समस्याको सर्वकालिक समाधान ।
२) संघीय (प्रान्तिय) व्यवस्था
३) नोकरीमा मधेसी समुदायको लागि ५० प्रतिशत र पहाडी जनजातिको लागि ३० प्रतिशत आरक्षणको व्यवस्था
४) समान जनसङ्ख्या, भौगोलिक एवं साँस्कृतिक एकरूपताको आधारमा निर्वाचन क्षेत्रको निर्धारण ।
५) हिन्दीलाई राष्ट्रिय भाषाको दर्जा दिनु पर्ने ।

नेपाल अधिराज्यको संविधान वि.सं. २०४७ का केही धाराहरू मधेसीको हीत विवरित भन्दै नेपाल सद्भावना पार्टीले विरोध जनाएको थियो । संविधानमा विरोध जनाउनका लागि मधेसीहरूले वि.सं. २०४७ साल मंसिर ८ गते काठमाडौंको टुडिखेलमा आमसभाको आयोजना गरेका थिए । बर्दियाका गोविन्द थारुको सभापतित्वमा भएको उक्त सभाको सञ्चालन हृदयश त्रिपाठीले गरेका थिए । कार्यक्रम स्थलमा केही व्यक्तिहरूले ढुंगा फ्यालेपछि मधेसी नेताहरू घाइते भएर उपचारका लागि अस्पताल लानु परेको थियो । देवेन्द्र मिश्रलाई बढी चोट लागेको थियो ।

नेपाल सद्भावना पार्टीलेले वि.सं. २०४७ सालबाट नै आफ्नो सद्भावन सन्देश नाम मुखपत्र निकाल्दै आएको थियो । मधेसी शहिदहरूको बारेमा, आफ्नो बैठकको निर्णयहरूको बारेमा मधेसीमा मधेसीहरूले गरेको प्रदर्शनी, बन्द र आमसभाको बारेमा समाचारहरू हालेर मधेसीहरूको हक अधिकारको लागि संचार माध्यम मार्फत आवाज उठाएको पाइन्छ .[3] वि.सं. २०४८ साल चैत २९ गते सिंहदरवार घेराऊ कार्यक्रमको आयोजना गरेको नेपाल सद्भावना पार्टीका नेता र कार्यकर्ताहरू जुलुश सहित सिंहदरवारको पश्चिमी गेट पुगेपछि प्रहरीले हस्तक्षेप गरी गजेन्द्रनारायण सिंहलगायत केही नेता र कार्यकर्तालाई गिरफ्तार गरेको थियो । धरपकडको विरोधमा गजेन्द्रनारायण सिंहले भद्रकालीमा २४ घण्टे रिले अनशनको आयोजना गरे । वि.सं. २०४८ साल बैशाख २९ गते भएको संसदीय निर्वाचनमा नेपाल सद्भावना पार्टीका राष्ट्रिय अध्यक्ष गजेन्द्रनारायण सिंह सहित ६ सिटमा उनीहरू विजयी भए ।

उक्त निर्वाचनमा नेपाल सद्भावना पार्टीले कुल मतको ४.१० प्रतिशत मत पाएको थियो । यसले उक्त पार्टीले राष्ट्रिय ... मान्यता प्राप्त गर्‍यो । सद्भावना पार्टीका नेताहरूले संसदमा सपथ लिंदा धोती कुर्ता लगाएर हिन्दी भाषामा लिएका थिए । यो पनि एक प्रकारको आन्दोलन नै थियो । वि.सं. २०४९ सालमा नेपाल सद्भावना पार्टीले आफ्नो महाधिवेशनबाट पारित भएको पाँच बुँदे मागलाई पुरा गर्न अनुरोध गर्दै काठमाडौंमा आमरण अनसन बसेका थिए । तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले मधेसीको मागलाई सम्बोधन गर्ने आवश्वासनका साथ अनसन स्थलमा आफै गएर जुश खुवाएर अनशनकारी मधेसी नेताहरूको अनशन तोडाएका थिए ।

वि.सं. २०५० साल बैशाख ५, ६ र ७ गते बीरगञ्जमा भएको दोस्रो महाधिवेशन र वि.सं. २०५४ साल चैत १२, १३ र १४ गते विराटनगरमा भएको तेस्रो महाधिवेशनबाट गजेन्द्र नारयाण सिंहलाई नै पार्टी अध्यक्ष बनाइएको थियो । नेपाल सद्भावना पार्टीमा ३६ जनाको केन्द्रीय कार्यसमिति, १२ जनाको कार्यसम्पादन समिति र ९ वटा वर्गिय सङ्गठनहरू निर्माण गरेको पाइएको छ । ती बर्गिय सङ्गठनहरूमा नेपाल विद्यार्थी सद्भावना मञ्च, नेपाल यूवक सद्भावना मञ्च, नेपाल शिक्षक सद्भावना

---

[3] मिति २०४७ सालमा नेपाल सदभावना पार्टीले निकालेको मूखपत्र सद्भावना सन्देशको बुलेटिन नं १ बाट । हेर्नुस् परिशिष्ट नं. २ मा ।

मञ्च, नेपाल महिला सद्भावना मञ्च, नेपाल किसान सद्भावना मञ्च, नेपाल प्राध्यापक सद्भावना मञ्च, नेपाल मजदुर सद्भावना मञ्च, नेपाल बौद्धिक सद्भावना मञ्च र नेपाल सद्भावना उद्योग बाणिज्य मञ्च छन् ।[4]

उता मधेसीहरूको एउटा समुहले बाँकेको नेपालगंज भन्दा ३० किलोमिटर पूर्व हुलाकी सडकको एक गाउँमा वि.सं. २०५० साल बैशाख १७ गते मधेसीहरूको हकअधिकार प्राप्तीको लागि मधेस मुक्ति सङ्गठन नामक पार्टी स्थापना गरेका थिए। उक्त समितिको कमाण्डर आर.डी. आजाद रहेका छन् भने सहायक कमाण्डरमा जी.पी. चौधरी रहेका छन् ।[5] उक्त सङ्गठनले आफ्नो दोस्रो विस्तारित सम्मेलन भारतको रक्सौलमा गरेको थियो । उक्त बैठकले तराईका विभिन्न जिल्लाका संयोजक तोक्ने र सङ्गठनको योजनाहरू निर्माण गरेको थियो ।[6] मधेस मुक्ति सङ्गठनको विस्तार र मधेसी अधिकारको लागि जिल्ला जिल्लामा सम्पर्क स्थापना गर्दै जिल्ला कमिटीहरू निर्माण गर्ने कामलाई निरन्तरता दिइरहेको अवस्थामा वि.सं. २०५८ साल असार १६ गतेको बैठकबाट पार्टीको नाम मधेसी मुक्ति सङ्गठनबाट परिवर्तन गरी मधेस मुक्ति चिन्ता, नेपाल राखिएको पाइन्छ । उक्त बैठकले यो पार्टीले भूमिगत रूपमा सशस्त्र आन्दोलन गर्ने निर्णय समेत गरेको छ ।[7]

मधेसी र पहाडका जनजातिलाई सम्मानजनक नागरिक अधिकारतथा समानुपातिक प्रतिनिधित्व दिलाउनका लागि वि.सं. २०५० साल मंसिर २७ गते देखि नेपाल सद्भावना पार्टीका राष्ट्रिय अध्यक्ष गजेन्द्रनारायण सिंहले काठमाडौंमा आमरण अनसन शुरु गरेका थिए । अनसनको दिन जारी गरिएको नेपाल सद्भावना पार्टीद्वारा 'करो या मरो' अहिंसक संघर्ष प्रारम्भ शीर्षकमा जारी गरेको पर्चामा उनीहरू १० वटा माग उल्लेख गरिएको छ ।[8]

ती मागहरू निम्न अनुसार छन् ।

१) नागरिकता परिचय पत्र सरल ढंगले उपलब्ध गराइयोस ।
२) शाही सेनामा मधेसीहरूको समुहगत प्रवेश हुनु पर्दछ ।
३) राष्ट्रभाषाको रूपमा नेपालीको समकक्ष हिन्दीलाई पनि संबैधानिक मान्यता पाउनु पर्दछ ।
४) सरकारी, अर्धसरकारी, सेवामा मधेसीलाई ५० प्रतिशत एवं पहाडको जनजातिलाई ३० प्रतिशत आरक्षणको संबैधानिक व्यवस्था होस ।
५) मधेसी भूमिहीनलाई भूमि उपलब्ध गराइयोस ।
६) समान जनसङ्ख्या र भौगोलिक तथा साँस्कृतिक एकरूपताको आधारमा निर्वाचन क्षेत्रको निर्धारण होस ।
७) सङ्घात्मक शासन व्यवस्था (प्रान्तिय सरकार)को स्थापना होस ।
८) चालू आर्थिक बर्ष २०५०/२०५१ को बजेटमा गरिएको अत्यधिक मालपोल (भूमिकर) बृद्धि फिर्ता गर ।
९) बाढी पिडितहरूलाई वितरण गर्ने राहत कार्यमा भएको धाँधली र भ्रष्टचारको जाँच गर्न सर्वपक्षिय आयोग गठन गर ।
१०) भर्खरै सम्पन्न शिक्षक छनौट आयोगले गरेको धाँधली एवं अनियमितताको जाँच गर्नको लागि सर्वपक्षीय आयोग गठन गर ।

नेपाल सद्भावना पार्टी, केन्द्रीय प्रचार विभागले जारी गरेको अपीलमा शोषण, उप्पीडन र भेदभावको जङ्जीरमा सदियौंदेखि बाँधिएका पिछडा जाति, जनजाति, दलित, महिला र मधेसी समुदायको समानताको अधिकार तथा सम्मानपूर्वक

---

4 नेपाल सदभावना पार्टी केन्द्रीय कार्यालय त्रिपुरेश्वर, काठमाडौंले आफ्नो कार्यसमितिका सदस्यहरूलाई उपलब्ध गराएको सूचिबाट । हेर्नुस् परिशिष्ट नं. ३ मा ।

5 मधेस मुक्ति सङ्गठन गठन गर्न गरिएको निर्णय पुस्तिकाबाट । हेर्नुस् परिशिष्ट नं. ४ मा ।

6 हेर्नुस, परिशिष्ट नं. ५ मा ।

7 मधेस मुक्ति सङ्गठनको मिति २०५८ असार १६ गतेको बैठकको निर्णयबाट । हेर्नुस् परिशिष्ट नं. ६ मा ।

8 नेपाल सद्भावना पार्टी केन्द्रीय प्रचार समितिका संयोजक एवं पार्टी प्रवक्ता राजेन्द महतोले मिति २०५० मंसिर २७ गते जारी गरेको अपिलबाट । हेर्नुस् परिशिष्ट नं. ७ मा ।

जीवन यापन गर्न अवस्था प्रत्याभूति गर्न नेपाल सद्भावना पार्टीले आफ्नो स्थापनाकाल देखि नै सडकदेखि सदनसम्म अभियान सञ्चाल गरिरहेको छ । पार्टी यो निष्कर्षमा पुगेको छ कि जबसम्म संविधानमा संसोधन हुदैन तबसम्म समानताको अधिकार मिल्दैन । तसर्थ निम्न पाँच बुँदे माग राख्दै एकपटक पुनः तपाईहरूको समक्ष भनि आएका छौं भनिएको छ । उक्त पाँच बुँदे मागहरू निम्न अनुसार रहेको छ ।

१) नागरिकता समस्याको अविलम्ब दीर्घकालिन समाधान ।

२) प्रान्तीय सरकारको गठन ।

३) आरक्षणको व्यवस्था ।

४) बेरोजगारी समस्याको समाधान गर्नका लागि एक परिवार एक रोजगार कार्यक्रम अविलम्ब कार्यान्वयन गर्नु पर्ने ।

५) महंगी नियन्त्रण गर्नु पर्दछ ।

माथिको पाँच बुँदे माग पुरा गर्न वि.सं. २०५५ साल भाद्र १ गते प्रधानमन्त्रीलाई ३० दिने अल्टिमेटम सहित ज्ञापन पत्र बुझाएको अपीलमा उल्लेख छ ।[९] सरकारले उनीहरूको माग पुरा नगरे वि.सं. २०५५ साल भाद्र ३१ गते देखि असोज ४ गते सम्म पाँचदिने अनसन कार्यक्रम प्रत्येक जिल्लाको सदरमुकाममा गर्ने, सो बाट पनि सरकारले वास्ता नगरे वि.सं. २०५५ कात्तिक १५ गतेदेखि २३ गते सम्म ९ दिने अनसन कार्यक्रम सिंहदरवार अगाडी गर्ने कार्यक्रम सार्वजनिक गरेको थियो ।

सद्भावना पार्टीले तत्कालीन सरकारले नागरिकता समस्या समाधान गर्न व्यवहारिक निर्णय गरेपनि त्यसको विरुद्धमा सर्वोच्च अदालतमा मुद्धा परेपछि कार्यान्वयन हुन पाएन । संविधान त्रुटिपूर्ण नभएको भए सरकारको निर्णय कार्यान्वयन हुने थियो । त्यसैले सरकारले चाहेर पनि जबसम्म संविधानमा संशोधन हुँदैन तबसम्म नागरिकताको समस्या समाधान हुँदैन । यसका लागि सद्भावना पार्टीले वि.सं. २०५५ सालको कात्तिक २३ गते भन्दा पहिले सरकारको तर्फबाट सम्विधान संशोधन गर्ने पहल नभएमा कात्तिक २३ गतेकै दिन राजधानी लगायत सबै जिल्लामा संविधान जलाउने कार्यक्रम गरेर चौथो चरणको प्रतिकात्मक विरोध प्रदर्शन गर्ने उल्लेख गरिएको छ । यसबाट के देखिन्छ भने नेपाल सद्भावना पार्टीले संविधानमा संशोधन गराएर तराईको नागरिकता समस्या समाधान गर्न चाहिरहेको थयो । यसको आन्दोलन सशक्त नभई प्रतिकात्मक तरिकाको हुने गरेको देखिन्छ । केन्द्रीय स्तरबाट सर्कुलर भए अनुसारको कहिले धर्ना बस्ने, कहिले अनसन बस्ने, कहिले संविधान जलाउने, कहिले गोष्ठी सेमिनारहरू गरेर तराईको जनता सामु उपस्थिति भइरहेको अनुभूति दिलाउने रणनीति यो पार्टीले अवलम्बन गरेको पाइन्छ । आन्दोलनहरू सशक्त नभएपनि मधेसका जिल्लाहरूमा सानो सङ्ख्यामा उपस्थित भएर कार्यक्रमहरू गर्ने गरेकोले नेपाल सद्भावना पार्टीको आन्दोलन गजेन्द्रनारायण सिंह जीवित हुन्जेल उहाँकै एकल निर्देशनमा सुस्तरी अघि बढी रहेको थियो । वि.सं. २०५८ साल माघ १० गते दिउसो २:३० बजे गजेन्द्रनारायण सिंहको मृत्यु भएको हो । उनको मृत्यु पछि सद्भावना पार्टीमा फुटको राजनीति शुरु भएको थियो ।

सद्भावना पार्टीमा पहिलो फुट वि.सं. २०५१ सालमा भएको मध्यावधि निर्वाचन पछि कसैको स्पष्ट बहुमत नपुगेकोले नेपाल सद्भावना पार्टीलाई आफ्नो पक्षमा पार्न नेपाली कांग्रेस र एमाले लागेका थिए । गजेन्द्रनारायण सिंह नेपाली कांग्रेसको समर्थनमा आर्थिक समितिको सभापति हुने पक्का भइसकेकोमा हृद्यश त्रिपाठीले एमालेसँग मिलेर सार्वजनिक लेखा समितिको सभापति भएकाले दुबैबीच फाटो पर्‍यो । गजेन्द्रनारायण सिंहले हृद्यश त्रिपाठीलाई कारवाही गरेकाले उनले अरु साथीहरूको सहयोगमा नेपाल समाजवादी जनता दल खोले (झाः ७० ) । यसरी सद्भावना पार्टीको फुट शुरु भएको थियो ।

नेपाल समाजवादी जनता दल किन भनी उक्त पार्टीले जारी गरेको दस्तावेजमा गाउँ गाउँमा नेपाल सद्भावना पार्टीका कार्यकर्ताहरूलाई झुठो मुद्दा लगाएर दुःख दिइरहेको अवस्थामा केन्द्रमा गजेन्द्रनारायण सिंहले गिरिजाप्रसाद कोइरालाको सरकारसँग गठजोड गरेर कार्यकर्ताको भावनाको मानमर्दन गरेको आरोप लगाउँदै सिंहले सङ्गठन विस्तारको नाममा बारम्बार

[९] नेपाल सद्भावना पार्टी, केन्द्रीय प्रचार विभागले मिति २०५५ साल भदौमा जारी गरेको अपीलबाट । हेर्नुहोस परिशिष्ट नं. ८ मा ।

गठन, पुनर्गठन, विघटनको सहार लिएकोले नयाँ पार्टी खोल्नु परेको उल्लेख गरिएको छ । साथै उक्त दस्तावेजमा भनिएको छ मधेसी जनतालाई झुनझुना दिएर पार्टीलाई क्रमशः प्राइभेट लिमिटेड कम्पनीको रूपमा अगाडी बढाइरहेकोले नेपाल समाजवादी जनता दल खोल्नु परेको जीकिर गरिएको छ ।[10]

नेपाल सद्भावना पार्टीमा फुट भएर नयाँ पार्टी खोल्ने बाहेक जो पार्टी भित्र नै बसिरहेका थिए उनीहरू पनि नेतृत्वसँग सन्तुष्ट नभएको उनीहरूको कार्याकर्ताको नामबाट जारी गरेको 'नेपाल सद्भावना पार्टीका आन्दोलन, संघर्ष की ओर ? या पलायन की ओर ?' शीर्षकमा छापिएको पर्चा १२ बुँदामा आफ्नो असन्तुष्टि व्यक्त गरिएको छ । उक्त विज्ञप्तीमा पहिलो संसदीय निर्बाचनमा राम्रो मत ल्याएर प्रतिनिधिसभामा उपस्थित जुन किसिमले देखाइएको थियो सो अनुसार मध्यावधी निर्वाचनमा हुन नसक्नुमा नेतृत्वबर्गका अकर्मन्यता, अहंकारी र सर्वसत्तावादी प्रबृत्तिको परिमाण हो भनिएको छ ।[11] त्यसैगरी गजेन्द्रनारायण सिंह महाधिवेशन अघि मिडियामा आफू अध्यक्ष नहुने भनेर प्रचार बाजी गर्दछन् र सबैभन्दा पहिले अध्यक्षको उम्मेदवारी दिने उनै हुन्छन्, यस्तो किन गरिएको जस्ता आरोपहरू लगाइएको छ । तसर्थ नेपाल सद्भावना पार्टी भित्र पनि आपसी मतभेद सार्वजनिक रूपमै व्यक्त भएको पाइन्छ । नेपाल समाजवादी जनता दलले वि.सं. २०५३ साल जेठ ३ गते तत्कालीन प्रधानमन्त्रीलाई बुझाएको ११ सूत्रीय माग पत्रमा उच्च स्तरीय नागरिकता आयोगको सुझाव प्रतिवेदन अनुसार वि.सं. २०५३ साल जेठ मसान्त भित्र नागरिकता वितरण गर्न टोली गाउँ गाउँ पठाइयोस । हुलाकी सडकलाई राष्ट्रिय सडक बनाउने प्रतिवद्धता सरकारले लेओस । कर्मचारीको तलब कम्तिमा २५ प्रतिशतले बृद्धि होस जस्ता मागहरू राखिएको छ ।[12]

त्यसैगरी नेपाल सद्भावना पार्टीबाट टुक्रिएर बनेको नेपाल सद्भावना पार्टी (आर)को सप्तरी जिल्ला कार्यसमितिले वि.सं. २०५३ साल आश्विन १० गते जारी गरेको पर्चामा आठबटा मागहरू राखेर आश्विन १४ गते राजविराजमा विहान ८ बजेदेखि हुने सांकेतिक भोकहडताल र दिउसोको आमसभामा सहभागी हुन सबैलाई आह्वान गरिएको छ । पर्चामा संघात्मक शासन व्यवस्था, राजनीतिक, सरकारी, गैरसरकारी सबै नियुक्तिमा मधेसी जनताको लागि ५० प्रतिशत आरक्षण दिनुपर्ने, शाही सेनाअन्तर्गत मधेसी गणको स्थापना गर्नुपर्ने जस्ता मागहरू राखिएको छ ।[13] वि.सं. २०४७ सालदेखि वि.सं. २०५४ साल सम्मको मधेसी गतिविधिहरूलाई हेर्दा, घेराउ, जुलुश, गोष्ठी, अन्तरक्रिया, रिले अनशन, आमरण अनसन जस्ता गतिविधिमा नै उनीहरूको आन्दोलन सिमित भएको थियो । आन्दोलनले कुनै उग्ररूप लिएको थिएन । वि.सं. २०५४ सालपछि नेपाल सद्भावना पार्टीबाट फुटेर बनेको नेपाल समाजवादी जनता दल पुन पुरानो पार्टीमा एकीकरण भएको थियो भने सद्भावना पार्टीका अध्यक्ष गजेन्द्रनारायण सिंहको मृत्यु पछि उक्त पार्टीको अध्यक्षता उनकी श्रीमती आनन्दीदेवीले गरेकी थिइन । यस बीच पार्टीको नेतृत्वमा विवाद चर्किन थाले पछि सद्भावना पार्टी विभिन्न चिरामा विभक्त भयो । राजेन्द्र महतोले नेतृत्व गरेको सद्भावना पार्टीले छुट्टै सङ्गाठनिक संरचना बनाएर अघि बढेको थियो ।

**निष्कर्ष**

नेपालमा मधेस केन्द्रित मागहरू राखेर संस्थागत रूपमा २००८ सालबाट नेपाल तराई कांग्रेसले शुरुगरेदेखि वि.सं. २०५४ सम्ममा आउँदा नेपाल सद्भावना पार्टी होस वा अन्य कुनै मधेस केन्द्रित समुह वा सँगठनहरू सबैले मधेसमा नागरिकता वितरणलाई सरल बनाउनु पर्ने, जनसंख्याको आधारमा मधेसीहरूले सरकारी सबै किसिमको अवसरहरू पाउनुपर्ने र हिन्दी

---

10 नेपाल समाजवादी जनता दल किन ? भनी उक्त पार्टीले जारी गरेको दस्तावेजबाट । हेर्नुस् अनुसूचि नं. ९ बाट ।

11 नेपाल सदुभावना पार्टीका कार्यकर्ताहरूले जारी गरेको पर्चाबाट । हेर्नुस् परिशिष्ट नं. १५ मा ।

12 नेपाल समाजवादी जनता दलले २०५३ जेठ ३ गते प्रधानमंत्रीलाई बुझाएको ११ सुत्रीय मागसहितको ज्ञापनपत्रबाट । हेर्नुहोस परिशिष्ट नं. १६ मा ।

13 नेपाल सदभावना पार्टी (आर), सप्तरी जिल्ला कार्यसमितिले २०५३ आश्विन १० गते वितरण गरेको पर्चाबाट । हेर्नुस् परिशिष्ट नंं १७ मा ।

भाषालाई राष्ट्रिय भाषाको रूपमा मान्यता दिनुपर्ने मागहरू राख्दै आएको देखिन्छ। मधेस केन्द्रित क्रियाकलाप गर्नेहरूले संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना र संघीय राज्यमा एकीकृत मधेस प्रदेशको चाहना गरेको पाइन्छ तर मधेसका सबैको चाहना यो छैन थारु समुदाय थारुवानको माग गर्दछन्।

साथै उनीहरूले नयाँ बन्ने संविधानमा मधेसीको स्पष्ट मान्यता, आत्मनिर्णयको अधिकार, स्वायत्त शासन, संविधानसभा पूर्व मधेसीको नागरिकता समस्याको समाधान, संविधानसभाका लागि समानुपातिक निर्वाचन प्रणाली र जनमतसँग्रहको निर्णयबाट संविधानको अनुमोदन गर्नुपर्ने मागहरू अघि सारेको देखिनुले मधेस केन्द्रित आन्दोलनहरू भारतबाट प्रभावित वा भारतीय चाहना अनुरूपका गतिविधिहरू मधेस केन्द्रित दलले उठाएको हो भन्न सकिन्छ। तर, मधेसी समुदायले उठाएका मागहरूमध्ये संघीयता, लोकतान्त्रिक गणतन्त्रको स्थापना, स्वायत्त शासनजस्ता मागहरू नेपालीहरूको लागि आवश्यक मागहरू उठाएका थिए। जुन लोकतन्त्र, मानवअधिकार र संघीयताको लागि आवश्यक थिए। केही मागहरू जस्तै हिन्दी भाषालाई राष्ट्रिय भाषा बनाउने र भारतबाट रोजगारी वा अन्य कारणले नेपाल आएर बसोबास गरेकाहरूलाई पनि नागरिकताको माग गर्ने कुरा नेपालको हीत विपरित थियो। मधेसी समुदायले बोल्ने मातृ भाषालाईभन्दा हिन्दी भाषालाई आन्दोलनकारीले जोड दिएका छन्। हिन्दी भाषाको कुरा गर्नुले नेपालको मधेस आन्दोलन गर्नेहरूको भारतसँगको अन्तरसम्बन्ध भएको प्रमाणित हुन्छ।

मधेस केन्द्रित दलहरू खुलेर उनीहरूले मधेसीको हकअधिकारको कुरा उठाउने प्रयासहरू गरेको भनिए पनि मधेसमा बसोबासगर्ने मधेसीमूलका मानिसहरूले ती मधेस केन्द्रित दलहरूलाई २०१५ सालदेखि २०५४ सालसम्मको अवधिमा राम्रो मत दिएर समर्थन गरेको देखिदैन। मधेसी जनता समक्ष आफ्नो मुद्दालाई स्थापित गर्न तत्कालीन मधेस केन्द्रित पार्टी र नेताहरू असफल भएका थिए। चाहे नेपाल तराई कांग्रेसका नेता बेदानन्द झा हुन चाहे नेपाल सद्भावना पार्टीका नेता गजेन्द्रनारायण सिंह दुबैले मधेसीको सवाल उठाएर आफू सत्तामा पुग्ने सिढीको रूपमा मात्र त्यसलाई उपयोग गरेको देखिएको छ। तसर्थ मधेसीहरूमा एक अर्का नेताबीचको विश्वासको अभाव रहेको थियो। जसले गर्दा उनीहरूले पटक पटक माग राख्दा पनि आपसी एकता नभएकोले सफल हुन सकेनन्। वि.सं. २००८ सालदेखि २०५४ सालसम्मको मधेसीहरूले हकअधिकारको लागि गरेको लडाईमा सँगठित रूपमा मधेस केन्द्रित दलहरूले एक्लै वा मोर्चा बनाएर राजतन्त्रको विरोध गरेको कतै पाइएको छैन। बरु, बेदानन्द झाले राजा महेन्द्रको कदमलाई समर्थन गरेर मंत्री बन्न सफल भएका थिए भने गजेन्द्रनारायण सिंहले पनि कतिपय अवस्थामा राजाको कदमको समर्थन गरेको पाइन्छ। यी दुवै उदाहरणबाट के भन्न सकिन्छ भने मधेसी जनअधिकार फोरम नेपालको गठन अघि नेपालमा मधेस केन्द्रित समुह, संगठन र पार्टीहरूले राजतन्त्रको खुलेर विरोध गरेका थिएनन्।

**सन्दर्भग्रन्थ**

गेज, फ्रेडरिक एच.(ई.सं.२०१३) **नेपालमा क्षेत्रीयता र राष्ट्रिय एकता** (नेपाली रुपान्तर), (काठमाडौं: हिमाल किताब प्रा.लि.।

गोप, सूर्यनाथ, ( वि.सं. २०५५) **"तराईवाद आर हिन्दीक पुनः उभरैत प्रश्नः कतेक सार्थक"**, पृ. ३६–३८, रामरिझन यादव (सम्पा.), **मिथिला टाइम्स** सम्पूर्णाङ्क, (विराटनगरः मिथिला टाइम्स प्रकाशन।

झा, अनिलकुमार र कौशलेन्द्र मिश्र् (ई.सं. २०१०) **सपूत मातृभूमि के ... गजेन्द्र नारायण सिंह (१९२९–२००२),** (गाजियावादः अंतिका प्रकाशन।

ठाकुर, महानन्द (वि.सं. २०५२), **अमर शहीद रघुनाथ ठाकुर मधेसीका जीवन बृत्त और उनकी कृतिया**, (राजविराजः महानन्द ठाकुर।

यादव, उपेन्द्र (सन् २००३) **नेपाली जन आन्दोलन और मधेसी मुक्तिका सबाल**, (विराटनगरः मधेसी पीपूल्स राइट फोरम, नेपाल।

राउत, सि.के ( वि.सं. २०७०), **मधेशका इतिहास**, प्रकाशन स्थल नखुलेको, गैरआवासीय मधेशी संघ।